# स्थानीय राजपत्र

## परशुराम नगरपालिकाद्वारा प्रकाशित

खण्ड: ९ संख्या: ०७ मिति: २०८३/०६/१२

जोगबुडा, डडेल्धुरा, सुदूरपश्चिम प्रदेश, नेपाल


## भाग २

## परशुराम नगरपालिका

### परशुराम नगरपालिकाको अस्पताल फार्मेसी सेवा निर्देशिका, २०८३

**प्रस्तावना:** स्वास्थ्य सेवामा सबैको सहज पहुँच सुनिश्चित गर्नका लागि फार्मेसी विषयका दक्ष जनशक्तिमार्फत् आफ्नै फार्मेसी सेवा सञ्चालन गरी बिरामी एवं सेवाग्राहीहरूलाई सुलभ एवं गुणस्तरीय सेवा पुऱ्याउन वाञ्छनीय भएकाले,

परशुराम नगरपालिकाको स्वास्थ्य सेवा ऐन, २०८३ को दफा ६ को उपदफा (५) ले प्रदान गरेको अधिकार प्रयोग गरी परशुराम नगरपालिका, नगर कार्यपालिकाको मिति २०८३/०६/०९ गते बसेको बैठकले यो निर्देशिका बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः**

(१) यस निर्देशिकाको नाम “परशुराम नगरपालिकाको अस्पताल फार्मेसी सेवा निर्देशिका, २०८३" रहेको छ।

(२) यो निर्देशिका नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखि लागु हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,–

(१) “मन्त्रालय” भन्नाले नेपाल सरकार स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय सम्झनु पर्दछ।

(२) “अस्पताल” भन्नाले सरकारी, गैरसरकारी, सामुदायिक तथा निजी अस्पताल भन्ने सम्झनु पर्दछ।

(३) “फार्मेसी सेवा” भन्नाले अस्पतालहरूमा सञ्चालनमा रहेका र सञ्चालन गरिने औषधी तथा औषधीजन्य सामाग्रीहरूबाट दिइने सेवा सम्झनु पर्दछ।

(४) "ऐन" भन्नाले “परशुराम नगरपालिकाको स्वास्थ्य सेवा ऐन, २०८३” सम्झनु पर्दछ।

(५) “नियमावली” भन्नाले जनस्वास्थ्य सेवा नियमावली, २०७७ सम्झनु पर्दछ।

(६) “मापदण्ड” भन्नाले “स्वास्थ्य सेवा सञ्चालन मापदण्ड, २०७७” सम्झनु पर्दछ।

(७) "कमिटी" भन्नाले दफा ३ बमोजिम गठन भएको ड्रग एण्ड थेराप्युटिक कमिटी सम्झनु पर्दछ।

(८) “अस्पताल फर्मुलरी” भन्नाले अस्पतालमा प्रयोग हुने औषधी तथा औषधीजन्य सामाग्रीहरूको विवरण पुस्तिका सम्झनु पर्दछ।

३. **ड्रग एण्ड थेराप्युटिक कमिटीः** अस्पतालबाट दिइने फार्मेसी सेवालाई व्यवस्थित एवं प्रभावकारी रूपमा सञ्चालन गर्नका लागि देहाय बमोजिम अध्यक्ष तथा सदस्यहरू रहने गरी एक ड्रग एण्ड थेराप्युटिक कमिटी गठन गर्नुपर्नेछः-

(१) अस्पताल प्रमुख वा निजले तोकेको वरिष्ठ चिकित्सक - अध्यक्ष

(२) चिकित्सकीय विभाग वा इकाई प्रमुखहरू - सदस्य

(३) नर्सिंग प्रमुख - सदस्य

(४) प्रशासन प्रमुख - सदस्य

(५) आर्थिक प्रशासन प्रमुख - सदस्य

(६) फार्मेसी प्रमुख — सदस्य सचिव

४. **कमिटीको काम, कर्तव्य र अधिकारः** कमिटीको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

(१) फार्मेसीमा राखिने औषधी तथा औषधीजन्य सामाग्रीहरूको सूची निर्धारण गर्ने।

(२) आवश्यकता अनुसार औषधी तथा औषधीजन्य सामाग्रीको उत्पादक तथा आपूर्तिकर्ताहरूको योग्यता निर्धारण गर्ने।

(३) खरिद भई आएको औषधी तथा औषधीजन्य सामाग्रीहरूको बिक्री मूल्य निर्धारण गर्ने। तर, यसरी विक्री मूल्य निर्धारण गर्दा अधिकतम् खुद्रा मूल्य (Maximum Retail Price) भन्दा बढी हुनु हुँदैन।

(४) अस्पताल फर्मुलरीको स्वीकृति दिने, परिमार्जन गर्ने वा संशोधन गर्ने।

(५) औषधीको सेवन तथा प्रयोगबाट हुनसक्ने वा हुने प्रतिकूल प्रभावहरूको (Adverse Drug Reactions) अनुगमन तथा अध्ययन गर्ने।

(६) अस्पतालबाट प्रदान गरिने उपचारको सम्बन्धमा स्तरीय उपचार प्रोटोकोल (Standard Treatment Protocol) तयार गरी लागू गराउने।

(७) फार्मेसी सेवा सञ्चालन सम्बन्धमा मन्त्रालयबाट प्राप्त निर्देशनहरू कार्यान्वयन गर्ने, गराउने।

५. <u>कमिटीको बैठकः</u>

(१) कमिटीको बैठक कम्तिमा प्रत्येक दुई महिनामा बस्नुपर्नेछ।

(२) बैठक अध्यक्षले बोलाएको मिति र समयमा बस्नेछ।

(३) कमिटीको बैठक बस्नुभन्दा कम्तिमा पनि अड्चालिस (४८) घण्टा अगावै सदस्य–सचिवले सबै सदस्यहरूलाई बैठकको कार्यसूची उपलब्ध गराउनुपर्नेछ।

(४) बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ। निजको अनुपस्थितिमा वरिष्ठतम् चिकित्सकले बैठकको अध्यक्षता गर्नेछ।

(५) कमिटीको बैठकको निर्णय उपस्थित सदस्यको बहुमतबाट हुनेछ। मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछ।

(७) बैठकको निर्णय अध्यक्ष र सदस्य–सचिवले प्रमाणित गर्नेछ।

(८) कमिटीको बैठक सम्बन्धी अन्य कार्यविधि कमिटी आफैले निर्धारण गरेबमोजिम हुनेछ।

६. **फार्मेसी प्रमुखको काम, कर्तव्य र अधिकारः** फार्मेसी प्रमुखको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

(१) कमिटीको निर्णय कार्यान्वयन गर्ने गराउने।

(२) कमिटीको बैठकको लागि प्रस्ताव तयार गरी पेस गर्ने।

(३) औषधी तथा औषधीजन्य सामाग्रीहरूको सूची तयार गर्ने गराउने र कमिटीबाट अनुमोदन गराउने।

(४) फार्मेसी सेवाको समग्र व्यवस्थापन गर्ने।

(५) मातहतका कर्मचारीहरूको सुपरिवेक्षण गर्ने।

(६) कमिटीले तोकेको अन्य कार्यहरू गर्ने।

७. <u>निःशुल्क औषधी वितरण सम्बन्धी व्यवस्थाः</u>

(१) नेपाल सरकारबाट निःशुल्क वितरण गर्ने भनी तोकिएका औषधीहरू सरकारी अस्पताल फार्मेसीले निःशुल्क रूपमा उपलब्ध गराउनु पर्नेछ।

(२) निःशुल्क वितरण गरिने औषधीहरूको व्यवस्थापन छुट्टै गर्नुपर्नेछ।

(३) निःशुल्क वितरण गरिने औषधीहरूको सूची सबैले देख्ने गरी राख्नुपर्नेछ।

८. <u>फार्मेसी सेवा सञ्चालनका लागि आवश्यक जनशक्ति तथा अन्य व्यवस्थाः</u> अस्पताल फार्मेसी सञ्चालनका लागि आवश्यक पर्ने जनशक्ति तथा अन्य व्यवस्था “स्वास्थ्य संस्था सञ्चालन मापदण्ड, २०७७” मा तोकिए बमोजिम हुनुपर्नेछ।

९. **स्तरीय सञ्चालन कार्यविधि (Standard Operation Procedure) निर्माण गर्नुपर्नेः**

(१) कुशल फार्मेसी अभ्यास (Good Pharmacy Practice) अनुकूल हुने गरी औषधी खरिद, भण्डारण, औषधीको गुणस्तर कायम गर्ने, इन्भेन्टरी व्यवस्थापन, लागु तथा मनोद्वीपक औषधीहरूको भण्डारण, औषधीको म्याद, फोहोर व्यवस्थापन, किरा तथा मुसाको नियन्त्रण सम्बन्धमा अस्पतालले स्तरीय सञ्चालन कार्यविधि निर्माण गर्नुपर्नेछ।

(२) दफा (१) बमोजिम बनाइएका स्तरीय सञ्चालन कार्यविधि कार्यान्वयन गर्नु फार्मेसी प्रमुखको कर्तव्य हुनेछ।

१०. **खारेजी र बचाउः** अस्पताल फार्मेसी सेवा निर्देशिका, २०७२ बमोजिम गरिएका कामकारवाही यसै निर्देशिका बमोजिम भए गरेको मानिनेछ।

**प्रमाणिकरण मितिः २०८३/०६/१२**

**आज्ञाले,**
**खगेन्द्र साउँद**
**प्रमुख प्रशासकीय अधिकृत**